# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

**बिषय: फोहरमैला ब्यवस्थापनका लागि जग्गा खरिद सम्बन्धी सार्वजनिक सूचना ।**

(प्रथम पटक सूचना प्रकाशित मिति:२०७८।०७।०७)

यस नगरपालिकालाई आधुनिक प्रविधिबाट फोहरमैला ब्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न आवश्यक जग्गा खरिद गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बमोजिम जग्गा उपलब्ध गराउन इच्छुक ब्यक्ति तथा संघ संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र) देहायको शर्तहरु बमोजिम सिलबन्दी दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु:

१.उपलब्ध गराइने जग्गाको चार किल्ला, क्षेत्रफल, अवस्थिति तथा प्रकृति तपसिल बमोजिम हुनु पर्नेछ ।

तपसिल:

क) जग्गाको क्षेत्रफल न्यूनतम ७ (सात) रोपनी हुनुपर्ने र भविष्यमा सोको आसपास थप जग्गा आवश्यक हुँदा सहज रुपमा उपलब्ध हुन सक्ने सम्भावना रहेको।

ख) पूर्वमा वार्ड नं. ५ को ढुङ्ग्रे खोला हुँदै तलतिर सिस्ने खोला, पश्चिममा लिपेखोला, उत्तरमा विप्लाँटे र दक्षिणमा लोकिल भञ्याङबाट तल अँधेरी खोलादेखि माथि सल्लेरीको रिपिनी, वडा नं. १० बेतिनीको निगाले खोला-दोभान खोलाको माथि नगर प्रवेशद्वार हुँदै माथि नगर भ्यूटावर बाट तल आहालडाँडा-असिने खत्रिगाँउ-केराउस्वाँरा हुँदै सिस्नेखोला सम्म यति चार किल्लाभित्र अवस्थित हुनु पर्नेछ ।

ग) जग्गा मानव वस्तीदेखि टाढा, बाढी पहिरोको जोखिम नभएको, सडक तथा खानेपानीको पर्याप्त पहुँच पुगेको र विद्युत सेवा विस्तार गर्न सहज सम्भावना भएको हुनु पर्नेछ ।

१. दरखास्तसाथ आफूले उपलब्ध गराउन चाहेको जग्गाको कित्ता नं. र क्षेत्रफल समेत देखिने जग्गाधनी दर्ता प्रमाणपूर्जा, चालु आ.व.०७८/०७९ को सम्पत्तिकर/मालपोत तिरेको रसिद, स्वामित्ववालाको नेपाली नागरिकताको प्रमाण पत्र (संघ संस्था भए संस्था दर्ता प्रमाण पत्र तथा जग्गा बिक्री सम्बन्धमा कार्य समितिबाट भएको निर्णय) को प्रतिलिपिहरु (स्वप्रमाणित गरिएको) र आफुले उपलब्ध गराउन चाहेको जग्गा रहेको वडा नं., कि.नं., क्षेत्रफल, अवस्थिति (स्थान), जग्गाको प्रकृति तथा आफूले लिन चाहेको प्रति रोपनी मूल्यदर (अंक र अक्षरमा) उल्लेख गरेको बिवरण समेत संलग्न गरिएको हुनु पर्नेछ ।अंक र अक्षरमा उल्लेखित मूल्यमध्ये अंक स्पष्ट नभएको अवस्थामा अक्षरमा उल्लेखित मूल्यलाई मान्यता दिइने छ ।

२. जग्गा उपलब्ध गराउने सम्बन्धी दरखास्त लगायतका अन्य सबै कागजातहरु खामबन्दी गरी खामको बन्द जोर्नीमा दरभाउत्रदाताको दरखास्त वा लाहाछाप लगाई खामको बाहिरी भागको दाँया शीरमा जग्गा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र, ०७८।०७९ लेखिएको हुनु पर्नेछ ।

३. दरखास्तदाताहरुबाट प्राप्त जग्गाहरुमध्ये कुन जग्गा प्राप्ति गर्ने सम्बन्धमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

४. दरखास्त पेश गर्ने अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र दरखास्त पेश गर्न सकिने छ ।

५. रीत नपूगि प्राप्त हुन आउने दरखास्त उपर कुनै कारवाही हुने छैन ।

६. यस सम्बन्धमा थप जानकारी लिनु पर्ने कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी वा सम्पर्क नम्बर ९८५२८६३१११ मा सम्पर्क गरी जानकारी लिन सकिने छ ।

..........................

प्रमुख प्रशासकीय अधिकृत

प्रवीण कोइराला

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०३७-५२०२१३ email:siddhicharanmunicipality@gmail.com website:siddhicharanmun.gov.np